व्यास नगरपालिकाको ३१ औं नगर सभामा
उप-प्रमुख श्री मिरा जोशीबाट
प्रस्तुत

# आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम

गण्डकी प्रदेश
व्यास नगरपालिका
दमौली, तनहुँ

२०७६ असार १० गते मंगलवार

# व्यास नगरपालिका तनहुँको आ.व.२०७६/०७७ का लागि ३१ औं नगर सभामा प्रस्तावित नीति तथा कार्यक्रम

**नगर सभाका अध्यक्षज्यू,**
**नगर सभाका सदस्यज्यूहरु,**

१. २०४८ चैत्र ३० गते स्थापना भएको यस नगरपालिकामा आज हामीहरु ३१ औं नगर सभामा छौ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट स्थानीय तहको पुनसंरचना पछि भएको नगरवासीको अभिमतबाट व्यास नगरपालिका गठन भई करीब २५ महिना व्यतित भइसकेको छ । स्थानीय तहको पुनसंरचना पछिको यो पाँचौ नगर सभामा व्यास नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को नीति र कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महशुश गरेको छु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्नका लागि जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । शहिद, वेपत्ता तथा घाइते परिवारप्रति उच्च सम्मान प्रकट गर्दै व्यास नगरपालिकाको स्थापना र विकास अभियानमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रज एवं पूर्व जनप्रतिनिधिहरुज्यूको योगदानको उच्च सम्मान गर्दछु ।

३. नेपालको संघीय शासन प्रणालीलाई अंगिकार गरेको वर्तमान नेपालको संविधान नेपाली जनताको लामो त्याग, वलिदान र संघर्षको उपज हो । नेपालको संविधानले प्रत्याभूत गरेको संघीय प्रणाली अन्तर्गतका ३ तहका सरकारहरुमा स्थानीय तहको व्यवस्थालाई स्थानीय नागरिकको सुखदुःखको साथी, सहयोगी र विश्वसनीय सरकार स्थापना गर्न र संविधानले प्रत्याभूत गरेका नागरिकका मौलिक हकलाई स्थानीय स्तरबाट सार्थक तुल्याउन व्यास नगरपालिका प्रतिवद्ध र दृढ संकल्पित छ ।

४. आर्थिक, सामाजिक, भौगोलिक विविधता, प्राकृतिक सुन्दरता, बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिक विशेषताहरु रहेको यस व्यास नगरपालिकामा सामाजिक सद्भाव, साँस्कृतिक सहअस्तित्वमा आधारित एकताबद्ध, सभ्य समाज निर्माण गर्ने नीति यस नगरपालिकाले अवलम्बन गर्नेछ ।

५. व्यास नगरवासीको भावना, आकांक्षा र आवश्यकताका आधारमा नगरपालिकाको जीवनस्तर सुधार गर्न, विकास र समृद्धिको अपेक्षा पुरा गर्न प्रतिबद्धताका साथ अगाडि बढिरहेको छ । आर्थिक वर्ष २०७४/०७५ मा तत्कालिन नगर परिषद्, गाउँ परिषद्ले पारित गरेका अधिकांश योजनाहरुलाई सम्बोधन गरिएको थियो । आ.व.२०७५/०७६ का कार्यक्रमहरुलाई अनेक चुनौतिहरुका वावजुद कार्यान्वयन गर्दै केही महत्वपूर्ण रुपमा हासिल गरेका उपलब्धिहरु सम्मानित यस नगर सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

६. नेपालको संविधान २०७२ लागू भएपछि कानून निर्माण गर्ने अधिकार समेत प्रयोग गर्न पाउने भएकोले हालसम्म ३० वटा ऐन, नियम, कार्यविधि जारी गरी कार्यान्वयनमा आएका छन् ।

७. व्यास नगरपालिकाको कार्यालय व्यवस्थापनमा सहजीकरण गरी नगरपालिकाबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउनका लागि नगर विकास कोषबाट ऋण लिई नयाँ बहुउद्देश्यीय भवनको निर्माण सम्पन्न गरी प्रथम राष्ट्रपति सम्माननीय रामवरण यादवज्यूबाट उद्घाटन सम्पन्न भई प्रयोगमा आइसकेको छ । साथै वडा नं.२, ४, ५, ७, १०, ११ को कार्यालय भवन निर्माण अन्तिम चरणमा पुगेका छन्, वडा नं.९ को कार्यालय भवन बनाउन जग्गा समेत नगरपालिकाको नाउँमा

खरिद गरिसकिएको छ । साथै नगरपालिका कार्यालय भित्रैबाट सबै विषयगत सेवाहरु प्रदान गरिएको छ ।

८. व्यास नगरपालिकाको धार्मिक पर्यटकीय गुरुयोजना, साँस्कृतिक पक्षहरुको संरक्षण गुरुयोजना निर्माण गरिएको र एकीकृत शहरी विकास योजना सम्पन्न हुने चरणमा रहेको छ । यि गुरुयोजनाहरुले नगरपालिकाको दीर्घकालिन विकासमा महत्वपूर्ण भूमिका खेल्ने छ ।

९. व्यास नगरपालिका विगत वर्षदेखि UCLG ASPAC (United Cities Local Government Asia Pacific) संस्थाको सदस्य भएको हो । यस वर्ष GPM (Global Parliament of Mayors) को सदस्य बनी वेलायतको ब्रिष्टोल नगरमा भएको सम्मेलनबाट नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने कार्यकारीणी सदस्यमा निर्वाचित हुनु भएको छ । साथै UCLG ASPAC को चिन, पाकिस्तान र काठमाण्डौमा भएको अन्तराष्ट्रियस्तरको कार्यक्रममा नगर प्रमुख र मित्रराष्ट्र भारतको दिल्लीमा भएको महिला सम्मेलनमा उपप्रमुख श्री मिरा जोशीको सहभागिता रही अन्तर्राष्ट्रिय अनुभव आर्जन गर्न सहयोग पुगेको छ । योजनाबद्ध विकासका लागि अष्ट्रेलियन स्वयंसेवी संस्थासँग सम्झौता गरी १ वर्षका लागि शहरी विकास योजना परामर्शदातामा अष्ट्रेलियन स्वयंसेवी श्री स्टेफेनी हार्डर र वन तथा कृषि सम्बन्धी परामर्शदाता श्री एन्ड्रिउ बोलम यसै महिना भित्र आउँदै हुनुहुन्छ । सरसफाई सम्बन्धी जापानी स्वयंसेवी श्री तायिकी नागिरा आफ्नो २४ महिने लामो अवधि समाप्त गरी आफ्नो देश फर्कनु भएको छ । व्यास नगरपालिकाले योजना एवं बहु पक्षीय विकासमा पाइला अघि सार्दै अन्तराष्ट्रिय अनुभवहरुलाई समेत नगरपालिकाको विकासमा सदुपयोग गर्ने सिलसिला प्रारम्भ भएको छ ।

१०. व्यास नगरपालिकामा पुनसंरचना पछि समावेश भएका वडाहरु समेतको सन्तुलित र न्यायपूर्ण विकास गर्ने उद्देश्यले व्यास नगरपालिकाले आ.व.२०७५/०७६ का लागि प्रत्येक वडामा १ करोड ७ लाख र ५० लाखको लागत सहभागिताका विकास आयोजनाहरु समानुपातिक आधारमा वडा समितिको निर्णयबाट सञ्चालन भएका छन् । सबै वडा समितिको निर्णयबाट र नगरस्तरीय ठूला तथा साना योजनाहरु समेत गरी यस वर्ष जम्मा ९१० आयोजनाहरु सञ्चालन भएका छन् । यी योजनाहरु मध्ये छाब्दी मार्ग, केशवटार मार्ग, माहेन्द्री मार्ग, क्यामिन मार्ग, कालिका मार्ग, पराशर मार्ग, खड्ककाली मार्ग, कलेस्ती मार्ग, दुम्सीचौर मार्ग, बाराहीरानी मार्ग, मानुङ रेलिङ निर्माण, व्यास गुफामा कृयापुत्री भवन निर्माण, गलेखामकोट भ्यूटावर निर्माण, पुलिमराङ शहिद पार्क निर्माण, शवदाह घाटहरु निर्माण, दमौली सेन्ट्रल पार्क निर्माण, नारेश्वर ताल निर्माण, माथिल्लो भेतरी संरक्षण एवं बाटो स्तरीकरण, अमरापुरी क्याम्पस बीच बुल्दी खोलामा कजवे निर्माण, कृषि र पशु विकास, खानेपानीका आयोजना आदि सञ्चालन हुँदै आएका छन् ।

११. व्यास नगरपालिकाले उठाउने गरेको फोहोर संकलनलाई वर्गीकरण गरी व्यवस्थित गर्न कार्यप्रारम्भ भएको छ । साथै फोहोरलाई मोहोरमा परिणत गर्न पुनःप्रयोगमा आउने फोहोरहरु बिकी गर्ने कार्य समेत गरिएको छ । सेनेटरी ल्याण्डफिल साइटको लागि व्यास ५ टेकनथुम्कीको आइ.इ.इ. अध्ययन प्रतिवेदन प्राप्त भएको छ । नगरपालिकाका सबै वडाहरुलाई पूर्ण सरसफाई वडा घोषणा गर्ने कार्य अन्तर्गत यस वर्ष वडा नं.११ लाई पूर्ण सरसफाई वडा घोषणा गरिएको छ ।

१२. वडा नं.७ को छापथोक, वडा नं.११ को वेलटारी, वडा नं.६ को शिशाघाटमा शहरी स्वास्थ्य केन्द्र यसै चालु वर्षमा थप गरी सञ्चालन गएिको छ भने संघीय सरकारको सहयोगमा वडा नं.१, २, ४, ५, ७ र १० मा वडागत आधारभूत स्वास्थ्य सेवा सञ्चालन एवं कार्यालय भवन निर्माणको कार्य प्रारम्भ भएको छ ।

१३. प्रत्येक वडा कार्यालयमा इन्टरनेट जडान, ब्याकअपका लागि जेनेरेटर खरिद गरी जडान गरिएको छ । प्रत्येक वडामा इन्टरनेट सेवा पुर्‍याउन नगरपालिकाले आफ्नै ISP (Internet Service Provider) सञ्चालन गर्ने गरी अध्ययन पुरा भएको छ ।

१४. व्यास नगरपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक लगायतका विविध पक्षमा युवाहरुको अपनत्व विकसित गर्न युवा संसदको अवधारणालाई आत्मसाथ गर्दै वडा र नगरस्तरीय युवा संसद गठन गरिएको छ। साथै हरेक वडा र नगरस्तरमा बालक्लब गठन गरी संचालन गरिएको छ।

१५. शिक्षकसँग शिक्षक र विद्यार्थीसँग शिक्षक कार्यक्रम सञ्चालन गरी नगरपालिकाका विद्यालयहरुमा बालमैत्री शैक्षिक वातावरण निर्माण गरी समसामयीक गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्य प्रारम्भ गरिएको छ ।

१६. खानेपानी सेवालाई सर्वसुलभ बनाउने अभियान स्वरुप एक घर एक धारा जडान गर्ने कार्य अन्तर्गत वडा नं.१४ मा खानेपानी सेवा उपलब्ध गराइएको छ, वडा नं.७ मा लिफ्ट खानेपानी, वडा नं.९ माफ्फाँट खानेपानी सम्बन्धी समस्या समाधान गरिएको छ । साथै विभिन्न योजनाहरु सम्पन्न समेत भएका छन् ।

१७. भूकम्पको पुन: नाप तथा छुट सर्भेक्षण अन्तर्गत नगरपालिका भित्र छुट भएका गुनासो/छुट दर्ता र प्राविधिक जाँच कार्य भूकम्प प्राधिकरणसँग सहकार्य गरी शुरु गरिएको छ । नगरपालिका भित्रका भूकम्प पिडितहरुको केही घरहरु सम्पन्न भएका छन् भने केही सम्पन्न हुने चरणमा रहेका छन् ।

१८. व्यास नगरपालिका अन्तर्गत वडा नं.२, ३, ४ मा घर नम्बरिङ प्रणाली अन्तर्गत प्रत्येक घर पहिचान हुने गरी वैज्ञानिक घर नम्बर पाता र सडक नामाकरण गरिएको छ। वि.पि. वनवाटिका रंगशालामा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको रंगशाला र दमौली सेन्टर पार्कमा केटाकेटी र जेष्ठ नागरिकहरुको सुविधालाई ध्यान दिई पार्क बनाउने, चिन्तुटार खेलमैदान निर्माण, नारेश्वर ताल निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार, शिशाघाट बजारको सडक स्तरीकरण र वडा नं.१३ मा खानेपानी योजनाका लागि विस्तृत अध्ययन पुरा भएको छ। साथै व्यास नगरपालिका भित्र थप नयाँ बहुउद्देश्यीय भवन निर्माण, खड्ककाली मार्ग, छाब्दी कुलुङ केशवटारसम्मको मार्गको विस्तृत परियोजना प्रतिवेदन तयार गरिएको छ ।

१९. वडा नं.११ रानीगाउँ क्षेत्रको करिब ८०० रोपनी जग्गामा एकीकृत वस्ती विकास योजना (Land Pooling) कार्यक्रम अगाडि बढाइएको छ। साथै व्यास नगरपालिकाको भू-उपयोग योजना (Land use planning) प्राप्त भई योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने आधार तयार भएको छ।

२०. ४४ किलो मिटर लामो अल्ट्रा म्याराथन कार्यक्रम अन्तर्गत प्रसिद्ध धावकहरु श्री वैकुण्ठ मानन्धर र सहयात्री श्री कान्छीमाया कोजुको उपस्थितिमा मानहुँदेखि पुलिमराङसम्म दौड प्रतियोगिता सञ्चालन गरिएको छ ।

२१. नगरपालिकाका काम कारवाहीका बारेमा जो कोहीले गुनासो, सुझाव भए सो समेत राखी जननिर्वाचित पदाधिकारीसँग प्रत्यक्ष सम्वाद कार्यक्रम सुशासनको प्रवर्द्धन गर्ने हेतुले नगर प्रमुख एवं पदाधिकारीहरुसँग नगरवासीको सम्वाद कार्यक्रमलाई प्रारम्भ गरिएको छ। साथै मोवाइल एप र संचार माध्यमहरुबाट नगरपालिकाका गतिविधिहरु प्रकाशन र प्रसारण भइरहेको छ।

२२. नागरिकले प्राप्त गर्ने सेवा सुविधा प्राप्त गर्न सहज होस् भन्ने अभिप्रायले सबै वडाहरुमा अडियो नोटिस बोर्ड जडान गरी सञ्चालनमा ल्याइएको छ ।

२३. सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजीरी जडान गरी विद्यालयको गुणस्तर अभिबृद्धि गर्ने कार्यमा सहयोग पुर्‍याइएको छ ।

२४. लक्षित वर्गका कार्यक्रम मार्फत सिलाई कटाई, विभिन्न आयमूलक तालिम, व्युटिसियन तालिम, कानूनी परामर्श तालिम लगायतका कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

२५. मादीगंगा सहकारी संस्था, कोसिस संस्था र दमौली अस्पतालको सहयोगमा व्यास नगरपालिकामा मानसिक समस्यामा रहेका बिरामीहरुलाई मनोपरामर्श सेवा उपलब्ध गराइएको छ र सेवा केन्द्र संचालन गर्दै आइएको छ ।

२६. चालु आर्थिक वर्ष २०७५/०७६ मा सबै वडाहरुबाट Online System मार्फत राजश्व संकलन, व्यक्तिगत घटना दर्ता लगायतका कार्यहरु सञ्चालनमा ल्याई वडा कार्यालयहरुको सेवालाई विश्वसनीय बनाइएको छ । साथै जेष्ठ नागरिक लगायतका सामाजिक सुरक्षा भत्ता बैंकहरुको सहयोगमा वडाहरुबाटै वितरण गर्ने कार्य गरिएको छ ।

२७. व्यास नगरपालिकाका विभिन्न स्थानमा स्वास्थ्य शिविर, पशु स्वास्थ्य शिविर, कृषि परामर्श सेवा संचालन गरिएको छ । साथै नगरवासीको सुरक्षाका लागि सामुदायिक प्रहरी सेवा समिति नगर र वडामा गठन गरी कार्य गरिएको र व्यास ७ कलेस्तीमा प्रहरी सुरक्षा पोष्ट स्थापना गरिएको छ ।

२८. व्यास नगरपालिका वडा नं.२ र ३ को नालाहरुबाट निस्कने फोहोर पानीलाई जनसेवा प्रा.वि. नजिक डांग्रे खोल्सीमा ढलको व्यवस्थापन गर्ने कार्य सम्पन्न भएको छ ।

२९. व्यास नगरपालिका भित्रका विभिन्न तथ्यांक संकलन गरी नगरपालिकाको पार्श्वचित्र निर्माण गरिएको छ । साथै भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालको सहकार्यमा विपद् व्यवस्थापन अन्तर्गत बलियो घर बलियो वस्ती निर्माण गर्ने अभियानमा विभिन्न कार्यक्रमहरु सम्पन्न गरिएको छ ।

३०. विभिन्न टोल विकास संस्थाहरुसँग समन्वय गरी सहरी क्षेत्रका वडाहरुमा सडक वत्ती विस्तार गर्ने कार्य भइरहेको छ ।

३१. वडा नं.१० दुम्सीमा छाडा तथा बृद्ध पशु व्यवस्थापन केन्द्र स्थानीय टोल विकास संस्थाको सहयोगमा संचालन गर्दै आइएको छ ।

**अध्यक्ष महोदय,**

३२. व्यास नगरपालिकाले विगत वर्षहरुमा हासिल गरेका महत्वपूर्ण उपलब्धिहरुको जगमा तयार गरिएको आगामी वर्षको व्यास नगरपालिकाको नीति तथा कार्यक्रम यस सम्मानित नगर सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

३३. व्यास नगरपालिकाले यो नीति तथा कार्यक्रम तयार गर्दा संवैधानिक व्यवस्था, स्थानीय तहको एकल र साझा अधिकार सूची, पन्धौ योजनाको आधारपत्र, नेपाल सरकार, गण्डकी प्रदेश सरकारको समष्टिगत आर्थिक नीति, दीगो विकास लक्ष्य प्राप्तिका अन्तर्राष्ट्रिय मान्यता, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, टोल विकास संस्था एवं वस्ती स्तरबाट वडागत रुपमा आएका सुझावहरु, विषयगत गुरुयोजनाका प्रस्ताव, विज्ञ तथा सल्लाहकारहरुको परामर्श, व्यास नगरपालिकाले विगत वर्षहरुमा पारित गरेका नीति तथा कार्यक्रमलाई मार्ग दर्शनको रुपमा लिइएको छ ।

३४. आगामी वर्ष वडा र विषयगत शाखाहरुमा नगरपालिकाको संगठन संरचना अनुरुपको कर्मचारीको व्यवस्था हुनेछ, नगरपालिका अन्तर्गतका कार्यालयहरुको स्तरीय व्यवस्थापन हुनेछ, संविधानले

प्रत्याभूत गरेका एकल तथा साझा अधिकार सूचीको मर्म र मान्यता अनुरुप कानूनहरुको तर्जुमा गरिनेछ, आयोजनाहरुको छनौट, वर्गीकरण र संघ, प्रदेश, नगरपालिकाको आन्तरिक राजश्व तथा आयश्रोतका आधारमा सन्तुलित, पारदर्शी र न्यायोचित रुपमा संघीयताको मर्म बमोजिम संघ, प्रदेश, स्थानीय तह र नगरवासी बीच समन्वय, सहअस्तित्व र सामाजिक न्यायपरक सहकारिताको सम्बन्ध स्थापित गरिने छ भन्ने मान्यतामा आधारित भई यो नीति तथा कार्यक्रमको तय गरिएको छ ।

३५. प्रस्तुत नीति तथा कार्यक्रमले नगरपालिकाको समतामूलक विकास र समृद्धि हासिल गरी “विविधतायुक्त गाउँ-शहर समृद्ध मेरो व्यास नगर” निर्माण गर्ने नगरपालिकाको दीर्घकालिन सोचबाट निर्देशित भई आगामी वर्षका कार्यक्रमहरु अगाडि बढाइने छ ।

**कृषि क्षेत्र**

३६. व्यास नगरपालिकाले कृषि क्षेत्रको विकास गर्न कृषि क्षेत्रलाई प्राथमिकतामा राखी स्पष्ट कार्ययोजना तयार गरी कार्यान्वयन गर्नेछ । कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण, व्यवसायीकरण र सिंचाईको सुनिश्चितता गरी उत्पादन बृद्धि गरी फलफूल, तरकारी, माछामासु, खाद्यान्नमा आत्मनिर्भर हुने गरी आवश्यक जनशक्ति तथा संस्थागत संरचना विकास गरिनेछ । यसका लागि कृषि क्षेत्रका सहयोगी ५ जना र पशुतर्फ ५ जना समेत गरी १० जना विषयगत प्राविधिकको व्यवस्था गरिने छ ।

३७. कृषि, वागवानी, मत्स्य, पशुपंक्षी पालन, मौरी पालन, तरकारी तथा फलफूल लगाउने, कौशी तरकारीवाली क्षेत्र नक्सांकन गरी प्राङ्गारिक खेती प्रणालीलाई व्यापक रुपमा अघि बढाइने छ । कृषि, कृषि उद्यमी, कृषक समूह र कृषि व्यवसायमा आधारित सहकारीहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिने छ । व्यास नगरपालिका भित्र उत्पादित सहकारी मार्फत बिकी हुने खसीबोका र दुधमा प्रोत्साहन स्वरुप कार्यविधि बनाई आर्थिक सहयोग उपलब्ध गराइने छ ।

३८. बाली तथा पशुपंक्षी विकासलाई प्रभावकारी बनाउन कृषक र विमा कम्पनीसँग समन्वय गरी विमा कार्यक्रम कार्यान्वयन गर्न सहजीकरण गरिने छ ।

३९. व्यास नगरपालिकामा एक नगरस्तरीय कृषि बजार केन्द्र र वडास्तरमा न्युनतम १ कृषि उपज संकलन केन्द्र स्थापना गरी कृषि हाट बजारलाई व्यवस्थित गरिने छ । यस कार्यक्रममा कृषि व्यवसायीहरुलाई प्रोत्साहन दिने नीति लिइने छ ।

४०. व्यवसायिक बाखा पालन, माछा पालन, स्थानीय जातको सुगुर, कुखुरा, गाइभैंसी पालन र व्यवस्थापन कार्यक्रममा प्रोत्साहन प्रदान गरिने छ । साथै पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम अगाडि बढाइने छ ।

४१. बजार क्षेत्रमा व्यवस्थित वधस्थलको सञ्चालन गरी स्वास्थ्यवर्द्धक मासु पसलहरुलाई व्यवस्थापन गर्न प्रोत्साहन एवं नियमन कार्यलाई प्रभावकारी बनाइने छ ।

४२. व्यास १० दुम्सी बजार मादी किनारमा रहेको छाडा तथा बृद्धि पशु केन्द्रलाई सुदृढ गरी त्यससँग आधारित प्राङ्गारिक कृषि लगायतका आयोजनाहरु संचालन गरिने छ ।

४३. कृषि तथा खाद्यान्न बजारहरुको नियमन र अनुगमन कार्यलाई व्यवस्थित गरी स्वस्थता कायम गर्ने नीति लिइने छ ।

४४. फोहोरमैलाको एकीकृत व्यवस्थापनको लागि विशेष कार्यक्रम ल्याई प्राङ्गारिक खेती प्रणालीसँग आवद्ध गरी अभियानका रुपमा अघि बढाइने छ । साथै व्यास १० पोखेलफाँटलाई गोवर्धन शर्मा नमूना प्राङ्गारिक खेती प्रणालीको अध्ययन तथा विस्तार केन्द्र बनाइने छ । यस अभियानमा कृषि जमिनको योजनाबद्ध उपयोग गरी संघ र प्रदेशका नमूना केन्द्रहरुसँग समन्वय गरी विभिन्न कृषिजन्य अनुसन्धानका कार्यहरु संचालन गरिने छ ।

४५. नगरपालिका भित्रका स्थानीय जातका फलफूल जस्तै बगेर, ऐसेलु लगायतका फलफूलहरुको संरक्षण गर्ने र स्थानीय जातको मास, पिडालु, तरुल आदिको संरक्षण गरिने छ ।

**पर्यटन क्षेत्र**

४६. व्यास नगरपालिकाले नगरको विकासमा पर्यटन क्षेत्रलाई महत्वका साथ प्राथमिकतामा राखी धार्मिक, साँस्कृतिक, प्राकृतिक एवं ऐतिहासिक स्थलहरुको पहिचान गरी पर्यटन क्षेत्रको विकासमा विशेष सहयोग गर्ने नीति लिइएको छ । पर्यटकीय पूर्वाधारको विकास गर्दा पुरातात्विक महत्वका धार्मिक, साँस्कृतिक, ऐतिहासिक मठमन्दिर, गुम्बा र गुफा लगायतका नगरवासीका मौलिक सँस्कृतिको संरक्षण र प्रवर्द्धन गरिने छ ।

४७. व्यास जन्मभूमि, पराशर ऋषिको तपोभूमि पराशर क्षेत्र, छाब्दी बाराही मन्दिर, अकला मन्दिर, तनहुँशुर दरवार, गलेखामकोट, कर्लुङकोट कालिका, क्यामिन कालिका, कालिका शहिद जंगलपार्क, मानहुँ, पुलिमराङ, वेनिकोट सिद्धगुफा, ॐ सिद्धेश्वरी राजापानी महादेव, छाङ्गा वाराही, सेतीमादी नदी, साँगे, बुल्दी, कलेस्ती, रिस्ती भ्यालीहरुको संरक्षण र विकास गरी पर्यटकीय क्षेत्रको विकासमा विशेष कार्यक्रमहरु ल्याइने छ ।

४८. पर्यटकहरुलाई दमौली स्थित मादी नदीमा ताल निर्माण गरी जल विहारको आनन्द प्रदान गर्ने र स्थानान्तरण हुन लागेको प्याराग्लाइडिङलाई व्यास नगरपालिकामा भित्रयाई यस क्षेत्रको प्रवर्द्धन गर्ने नीति लिइने छ ।

४९. जीविकोपार्जन र रोजगारीको अवसर बृद्धि गर्न जल पर्यटन, कृषि पर्यटन, शैक्षिक पर्यटन, धार्मिक पर्यटन, खेल पर्यटन, ग्रामिण पर्यटन, सँस्कृतिक एवं प्राकृतिक पर्यटन व्यवसायको विविधीकरण तथा विस्तारमा जोड दिइने छ ।

५०. व्यास नगरपालिका भित्रका होटलहरु र होमस्टेलाई पर्यटनमैत्री स्वच्छ, सफा राख्न सहयोग प्रदान गरिने छ र प्राङ्गारिक कृषि उत्पादन र साना तथा घरेलु उत्पादनसँग आवद्ध गरी पर्यटन प्रवर्द्धन गरिने छ । व्यास १३ आँपश्वाँरा स्थित नमूना दलित होमस्टे संचालन गरिने छ ।

५१. भ्रमण वर्ष सन् २०२० लाई ध्यानमा राखी नगरपालिकाको सम्पूर्ण पर्यटकीय सम्पदा समेटिने भ्रमण पुस्तिका प्रकाशन गरी **द ग्रेट हिमालय ट्रेलको सवट्रेल**को रुपमा **बुद्ध शान्ति पद मार्ग** ( मनाङको तिमाङ गाउँ-दमौली-लुम्बिनी) लाई नक्सांकन गरी व्यवस्थित गरिने छ ।

५२. पर्यटन प्रवर्द्धनका विभिन्न महोत्सवहरु सञ्चालनमा सहयोग पुर्याइने छ । खुला मानहुँ पुलिमराङ अल्ट्रा म्याराथन प्रतियोगिता र महिला हाफ म्याराथन प्रतियोगिता जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइने छ । साथै दमौली मानहुँ पद मार्ग निर्माण गरिने छ ।

५३. होमस्टे, होटलहरु दर्ता गरी व्यवस्थित गर्ने र नियमन एवं अनुगमनको कार्यक्रम तय गरी लागु गरिने छ । नगरपालिका भित्र स्तरीय होटल संचालन गर्न प्रोत्साहन दिइने कार्यक्रम ल्याइने छ ।

५४. व्यास १० दुम्सीचौरमा पर्यटकीय प्रवर्द्धनका लागि नारेश्वर ताल निर्माण सम्पन्न गरिने छ । साथै मादी नदीको बहुउद्देश्यीय पर्यटन परियोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गरिने छ । साथै भानुघाँसी स्मारक पार्कलाई व्यवस्थित गर्ने कार्यमा सहयोग पुर्‍याउने छ ।

५५. व्यास ऋषिको १०८ फिटको मूर्ति निर्माण गर्ने कार्यलाई अगाडि बढाइने छ । साथै विभिन्न स्थानमा स्थान विशेषको मौलिक परिचय दर्शाउने कलात्मक स्मारकहरु स्थापना गरिने छ ।

५६. व्यास नगर भित्रका सबै वडाहरुमा रहेका ऐतिहासिक र परम्परागत स्मरणीय स्थानहरुको पहिचान गरी त्यसको प्रचार प्रसार र संरक्षण गरिने छ । साथै नगरपालिका भित्र पर्यटन प्रवर्द्धन गर्नका लागि पर्यटन प्रवर्द्धन सूचना केन्द्र स्थापना गरिने छ । यस्तो सूचना केन्द्रबाट नगरपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसार गर्न पथ प्रदर्शक व्यवस्था गरिने छ ।

**शिक्षा क्षेत्र**

५७. व्यास नगरपालिका भित्र सञ्चालन भएका शैक्षिक संस्थाहरुको व्यवस्थापन र गुणस्तर सुधारलाई प्राथमिकतामा राखी व्यास नगरपालिकालाई शैक्षिक हवको रुपमा विकसित गरिने छ । व्यास नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुको भौतिक सुधार र शैक्षिक गुणस्तर अभिबृद्धिमा विशेष सहयोग पुर्‍याइने छ ।

५८. व्यास नगरपालिका भित्रका प्रत्येक वडामा एक/एक नमूना विद्यालयको छनौट गरी नमूना विद्यालय सञ्चालन गरिने छ । अन्य विद्यालयहरुमा समेत गुणस्तर बृद्धिका विभिन्न कार्यक्रमहरुमा सहयोग पुर्‍याइने छ । नगरपालिका भित्रका प्रारम्भिक बाल विकास केन्द्रहरुलाई व्यवस्थित गर्न सहयोग पुर्‍याइने छ ।

५९. व्यास १ स्थित आदिकवि भानुभक्त क्याम्पसलाई मानक विश्वविद्यालय सञ्चालन गर्न पूर्वाधार निर्माणमा सहयोग पुर्‍याइने छ ।

६०. नगरपालिका भित्रका धार्मिक विद्यालय, महाविद्यालय, मातृभाषामा शिक्षा प्रदान गर्ने विद्यालय, सूचना प्रविधि साक्षरता सामुदायिक सिकाई केन्द्रहरु सञ्चालन गर्न विशेष सहयोगका कार्यक्रमहरु ल्याइने छ ।

६१. व्यास नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्न पूर्वाधार निर्माण गरिने छ । साथै युवा संसद, बालक्लबहरु सवल बनाई बालमैत्री विद्यालयहरु निर्माण गर्न आवश्यक तालिम, प्रशिक्षण, अन्तरकृयाहरु सञ्चालन गरिने छ ।

६२. राष्ट्रपति रनिङ सिल्ड, नगरस्तरीय खेल प्रतियोगिता, नगरस्तरीय अन्तर माध्यमिक विद्यालय मेयर कप फुटवल प्रतियोगिता, अन्तर माध्यमिक विद्यालय महिला उपमेयर कप फुटवल प्रतियोगिता लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

६३. व्यास नगरपालिकामा उच्च शिक्षा अध्ययन गर्ने (स्नातक, स्नाकोत्तर) विद्यार्थीहरु मार्फत नगरपालिकाको साँस्कृतिक, ऐतिहासिक, जैविका विविधता लगायतका विकासका विविध पक्षहरुमा अनुसन्धान गराइने छ । यस्तो सोध कार्यमा संलग्न हुने विद्यार्थीहरुलाई आर्थिक सहयोग पुर्‍याइने छ ।

६४. व्यास नगरवासी विपन्न वर्गका दरै, दलित, बोटे, कुमाल, चेपाङ जाती लगायतका छात्रछात्राहरुलाई एस.इ.इ. पछिको अध्ययन कार्यमा सहयोग पुर्‍याइने छ ।

६५. सामुदायिक विद्यालयहरुको भौतिक व्यवस्थापनमा सुधारका कार्यक्रमहरु ल्याइने छ । सामुदायिक तथा संस्थागत विद्यालयहरुको गुणस्तर मापदण्ड तयार गरी सोको आधारमा प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिने छ । विभिन्न विषयगत शिक्षकहरुको समयानुकुल प्रशिक्षणको व्यवस्था मिलाइने छ ।

६६. व्यास नगर क्षेत्र भित्रका संस्थागत विद्यालयहरुसँग समन्वय गरी सामाजिक दायित्व वहन गर्ने अभियान संचालन गर्न कार्यविधि बनाई लागू गरिने छ ।

**स्वास्थ्य क्षेत्र**

६७. व्यास नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुलाई नगरवासीको स्वास्थ्य सेवामा समर्पित र सेवामुखी एवं विश्वसनीय बनाइने छ । एक वडा एक आधारभूत स्वास्थ्य केन्द्र र आवश्यक क्षेत्रमा नगर स्वास्थ्य संस्थाहरु सञ्चालन गरिने छ । साथै विभिन्न स्थानहरुमा स्वास्थ्य शिविरहरु सञ्चालन गरिने छ ।

६८. दमौली बजार स्थित जिल्लास्तरीय दमौली अस्पतालको स्तरबृद्धि गर्नका लागि प्रदेश सरकारसँग सहकार्य गरी न्युनतम ५० शैयाको अस्पताल बनाउन पहल गरिने छ ।

६९. नगरपालिकाका स्वास्थ्य स्वयंसेविकाहरुको अनुभवलाई संस्थागत गरी सहयोग पुर्‍याइने छ । नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुलाई कार्य क्षेत्रको नक्सांकन गरी घरघरमा स्वास्थ्य परामर्श सेवा सञ्चालन गरिने छ । साथै सञ्चालित वडाका स्वास्थ्य संस्थाहरुलाई आफ्नो कार्यक्षेत्र भित्रका विद्यालयहरुमा महिनाको एक पटक बालबालिकाको स्वास्थ्य परीक्षण गर्ने गरी परामर्श सेवा समेतलाई व्यवस्थित गरिने कार्यक्रम ल्याइनेछ । कडा रोगका बिरामीहरुलाई सहयोग प्रदान गर्ने र मृगौला रोगीहरुको डायलासिस सेवलाई विस्तार एवं निरन्तरता दिन सहयोग पुर्‍याइने छ

७०. वडा स्वास्थ्य केन्द्रहरुमा क्रमश: विभिन्न रोगहरुको परीक्षण गर्न घुम्ती प्याथोलोजी सेवाको व्यवस्था गरिने छ । नगरपालिका भित्रका सबै वडाहरुमा बसोबास गर्ने प्रत्येक परिवारको स्वास्थ्य अवस्था झल्काउने अभिलेख राखिने छ ।

७१. व्यास नगरवासीको स्वास्थ्य सेवालाई व्यवस्थित गर्न नगरपालिकाले एम्वुलेन्स संचालनमा ल्याउने छ ।

**उद्योग क्षेत्र:**

७२. व्यास नगरपालिका भित्र सञ्चालित विभिन्न उद्योग व्यवसायलाई दर्ता, नियमन, अनुगमन गर्ने गरी कार्यक्रमहरु ल्याइने छ । नगरपालिकामा वातावरणमैत्री उद्योग संचालन गर्न प्रोत्साहित गरिने छ ।

७३. व्यास नगरपालिका वडा नं.५ मा गण्डकी प्रदेशस्तरीय र वडा नं.१० मा संघीय सरकार स्तरीय औद्योगिक ग्राम स्थापना गर्न सहकार्य एवं सहयोग पुर्‍याइने छ ।

**व्यवस्थित बसोबास र भूमि व्यवस्थापन**

७४. व्यास नगरपालिका वडा नं.११ स्थित रानीगाउँमा अध्ययन भइरहेको जग्गा विकास आयोजनालाई स्थानीयहरुसँग समन्वय गरी संघीय र प्रदेश सरकारको सहयोगमा ३ वर्ष भित्र सम्पन्न गरिने छ । जग्गा विकास आयोजनालाई व्यास नगरपालिका वडा नं.५ को पतेनीटार, वडा नं.६ को शिशाघाट, वडा नं.७ को नरंगा फाँट र वडा नं.१० को बैरेनी क्षेत्र लगायतमा विस्तार गरिने छ ।

७५. भू-उपयोगका विभिन्न क्षेत्रहरु कृषि, बसोबास, व्यवसायिक, औद्योगिक, वन र सार्वजनिक उपयोगका क्षेत्रहरुको नक्सांकन गरिने छ । जग्गा खण्डीकरण गर्ने र बाँझो राख्ने प्रबृत्तिलाई निरुत्साहित गरिने छ ।

७६. भूमिहिन सुकुम्बासीको तथ्यांक संकलन गरी बसोबास, जीविकोपार्जन र सामाजिक संरक्षणको कार्य सञ्चालन गरिने छ । अव्यवस्थित बसोबासीलाई व्यवस्थित गर्न एकीकृत वस्ती विकास गर्ने कार्यमा संघ र प्रदेश सरकारसँग समन्वय गरी अगाडि बढाइने छ । साथै व्यास नगरपालिकामा घर जग्गा हाल साविक र पुनर्नापी गर्नका लागि प्रदेश तथा संघ सरकारसँग समन्वय गरी कार्यक्रम अघि बढाइने छ ।

७७. व्यास नगरपालिकामा निर्माण हुने घरलाई “बलियो घर निर्माण” र “बलियो वस्ती निर्माण” गर्न घर निर्माण आचार संहितालाई कडाईका साथ लागू गरिने छ । आचार संहिता अनुसार नक्सा निर्माण, नक्सा पास, पारित नक्सा अनुसार घर निर्माण र समयमै सम्पन्न गर्ने व्यवस्था मिलाइने छ र सो कार्यमा बाधा पुर्‍याउने जिम्मेवार पक्षलाई कानून बमोजिम दण्ड सजाय गरी पारित नक्सा विपरित निर्माण भएको घरलाई कानून बमोजिम भत्काइने छ ।

७८. खर/स्याउलाको छाना मुक्त नगरपालिका निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

**<u>वन तथा वातावरण</u>**

७९. व्यास नगरपालिका भित्रका जंगल, सामुदायिक वनहरुको वैज्ञानिक व्यवस्थापन एवं उपयोग सम्बन्धी स्थानीय सरकार सञ्चालन ऐन अनुसार विभिन्न कार्यक्रमहरुलाई नगरपालिकाको एकीकृत विकास अभियानमा सहयोग पुर्‍याइने छ ।

८०. नगरको सुन्दरताका लागि सडक किनारा र पार्क तथा खुल्ला स्थानको प्राकृतिक सुन्दरता एवं वातावरणीय स्वच्छता कायम गर्न व्यास नगरलाई फुलैफुलको नगर बनाउन बहुउद्देश्यीय नर्सरी स्थापना गरिने छ ।

८१. व्यास नगरपालिकालाई प्लाष्टिक झोला मुक्त नगरपालिका बनाउन टोल विकास संस्थाहरु सँगको सहकार्य अघि बढाइने छ र वैकल्पिक झोला तयारी गर्नका लागि सहयोग प्रदान गरिने छ ।

८२. व्यास नगरपालिकाका सबै वडाहरुमा रहेका सडकहरुको वर्गीकरण गरी सडक किनारामा हरियाली प्रवर्द्धन गर्नको लागि वृक्षारोपण गर्ने कार्यलाई अभियानको रुपमा संचालन गरिने छ । यस कार्यमा नगरको सुन्दरताको लागि एकरुपता कायम गर्ने गरी नगरपालिकाबाट बोट विरुवाहरु उपलब्ध गराइने छ । यस्ता बोट विरुवाहरुको उत्पादन जग्गाधनीहरुले नै उपयोग गर्ने गरी संरक्षण कार्यक्रम ल्याइने छ । साथै नगरपालिकामा निर्माण हुने घरले निर्माण सम्पन्न प्रमाणपत्र लिनु अघि नगरको हरियाली प्रवर्द्धन गर्न न्युनतम दुई वटा बोट विरुवा लगाउनु पर्नेछ ।

८३. नगरपालिका भित्रका परम्परागत चौतारा र पोखरी संरक्षण तथा प्रवर्द्धन गरिने छ ।

८४. नगरपालिका भित्रका विभिन्न स्थानहरुको जैविक विविधता (बायोडाइभरसिटि) को अध्ययन गरी संरक्षणको कार्यक्रम ल्याइने छ ।

८५. व्यास नगरपालिका भित्र वातावरणमैत्री विकास आयोजनाहरु संचालन गर्न कार्यविधि बनाइने छ र वातावरण प्रतिकुल असर गर्ने गरी डोजर संचालनलाई निरुत्साहित गरिने छ ।

८६. विपद् तथा जलवायु उत्थानशीलसँग सम्बन्धित विभिन्न ऐन, नियम तथा कार्यविधि बनाई लागु गरिने छ ।

८७. व्यास नगरस्तरीय विपद् व्यवस्थापन केन्द्र स्थापना गरी सचेतनामूलक कार्यक्रमका साथै उद्दार कार्यको व्यवस्था मिलाइने छ ।

**युवा तथा खेलकुद**

८८. व्यास नगरपालिकामा नगर र वडास्तरीय विविध (फुटवल, क्रिकेट, भलिवल, सेपाक-ताक्रो आदि) खेल मैदान व्यवस्थित गर्दै जाने कार्यक्रम ल्याइने छ । साथै विभिन्न उमेर समूहका प्रतिभावान खेलाडीहरु छनौट गर्ने अध्यासको व्यवस्था मिलाइने छ ।

८९. युवाहरुलाई दुर्व्यसनबाट जोगाउन विद्यालय, टोल संस्था र स्थानीय प्रहरी कार्यालयसँग समन्वय गरी चेतनामूलक तालिम एवं नैतिक शिक्षा दिने व्यवस्था मिलाइने छ । साथै विभिन्न दूर्व्यसन र संकटमा परेका युवा, बालबालिका, महिला, जेष्ठ नागरिकलाई पुनर्स्थापना गर्न सहयोग पुर्‍याइने छ ।

९०. युवाहरुमा उद्यमशीलता विकास गर्न विभिन्न पेशा व्यवसाय गर्ने इच्छुक युवाहरुलाई स्वरोजगारमूलक तालिमहरु सञ्चालन गरिने छ । वैदेशिक रोजगारमा जाने र वैदेशिक रोजगारबाट फर्की आउने युवाहरुलाई आवश्यक परामर्श सेवा एवं उद्यमशील कार्यमा सहयोग पुर्‍याइने छ ।

९१. व्यास नगरपालिका भित्रका प्रतिभावान युवाहरुलाई सामाजिकीकरणको प्रक्रियामा सहभागी गराई आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा नेतृत्व विकास गर्ने र नगरपालिकासँग अपनत्व विकसित गर्ने कार्य अगाडि बढाइने छ ।

**पूर्वाधार निर्माण**

९२. वडाका निर्वाचित प्रतिनिधिहरुको उत्तरदायी बढ्ने र वडावासीहरुसँग प्रत्यक्ष सम्बन्ध स्थापित गर्नका लागि व्यास नगरपालिकाले सबै वडाका लागि विना भेदभाव रु.१ करोड पूर्वाधार निर्माणमा विनियोजन गरिएको र वडाका प्रतिनिधिहरु मार्फत वस्ती, टोल संस्थासँग परामर्श गरी विकास आयोजनाहरु छनौट गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

९३. वडाले सिफारिस गरेका ठूला पूर्वाधारका आयोजनाहरु नगरस्तरीय आयोजनामा राखी कार्यक्रम ल्याइने छ । महत्वपूर्ण मार्गहरु, खानेपानीका आयोजनाहरु, खेल मैदानहरु, पर्यटकीय प्रवर्द्धनका पार्कहरु, निर्माण हुन बाँकी वडा कार्यालय भवनहरु निर्माण सम्पन्न गर्ने गरी पूर्वाधारका आयोजनाहरु सञ्चालन गर्ने नीति लिइने छ । आगामी ३ वर्ष भित्र सबै वडा कार्यालयहरुमा कालेपत्रे मार्ग लैजाने र आगामी आर्थिक वर्ष भित्र सबै वडा कार्यालयहरु आफ्नै हुने गरी कार्यक्रम ल्याइने छ ।

९४. नगरपालिकाबाट संचालित योजनाहरुलाई व्यवस्थित तरिकाले सम्पन्न गर्न न्युनतम एक वडा एक प्राविधिकको व्यवस्था मिलाइने छ । नगरपालिकाबाट छनौट भएका रु.१० लाख भन्दा माथिका विकास आयोजनाहरुलाई प्राथमिकतामा राखी प्रथम चौमासिक भित्र नै निर्माण प्रक्रिया अगाडि बढाइने छ ।

९५. व्यास नगरपालिकामा नगर यातायात संजाल विकास गर्न र नगर बस संचालन गर्न सम्भाव्यता अध्ययन गराइने छ ।

९६. नगरपालिका भित्र काठे पोलहरु विस्थापन गरी स्टिलको पोलहरु व्यवस्थापन गर्ने र विद्युत नपुगेका घरहरुमा विद्युत पुर्‍याउने कार्य गरिने छ ।

**संचारतर्फ**

९७. आम संचार सेवाको गुणस्तरीय र सर्वसुलभ पहुँचको लागि स्थानीय संचार ऐन तर्जुमा गरिने छ । कानून बमोजिम एफ.एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजीको व्यवस्था गरिने छ ।

९८. नगरपालिकाको सेवा प्रवाहलाई गुणस्तरीय बनाउन र छिटो छरितो रुपमा सेवा प्रवाह गर्न नगरपालिकाको सबै वडाहरुमा आफ्नै इन्टरनेट सर्भिस प्रोभाइडर (ISP) जडान गरी इन्टरनेट सेवा पुर्‍याउने छ ।

९९. स्थानीय स्तरमा प्रकाशन हुने पत्रपत्रिका, एफ.एम. रेडियो र टेलिभिजनहरुसँग नगरपालिकाको गतिविधि झल्कने गरी कार्यक्रम निर्माण, प्रकाशन र प्रशारण गरी नगरपालिकाको गतिविधि नगरवासीसम्म पुर्‍याउने गरी कार्यक्रम सञ्चालन गरिने छ । साथै नगरपालिकाले प्रदान गर्ने सेवा सुविधाहरु र जानकारीमूलक सूचनाहरु मोवाइल एप मार्फत घर घरमा पुर्‍याउने छ ।

१००. नगरवासीलाई नगरपालिकाको गतिविधि र ज्ञान विज्ञानमा आधारित भई अध्ययन गर्न सुविधा सम्पन्न “नगर पुस्तकालय” (City Liberary) नगरपालिका कार्यालय भवनमा व्यवस्थित रुपमा संचालन गरिने छ ।

१०१. बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री संचार अभियानलाई अगाडि बढाइने छ । साथै नविन संचारकर्मीहरुलाई व्यवसायिक उन्नयनका कार्यक्रमहरुमा सहयोग पुर्‍याइने छ ।

**न्याय तथा मध्यस्थता**

१०२. संविधान र स्थानीय सरकार संचालन ऐनले प्रत्याभूत गरेको न्यायिक समिति र मध्यस्थता विधिलाई स्तरीय एवं विश्वसनीय बनाइने छ ।

१०३. न्यायिक समितिका पदाधिकारी सदस्यहरु र मध्यस्थकर्ताहरुको क्षमता अभिबृद्धिका विभिन्न कार्यक्रमहरु ल्याइने छ । साथै हरेक वडाहरुमा मध्यस्थता विधिद्वारा मेलमिलाप गराई न्यायिक विश्वास र सुरक्षाको अनुभूति दिलाउन मेलमिलाप केन्द्र स्थापना गरिने छ । नगरपालिकाको न्यायिक समितिको इजलासलाई व्यवस्थित गरिने छ ।

१०४. असहाय,जेष्ठ नागरिक, अनाथ बालबालिकाहरुको न्यायिक प्रकृयालाई निशुल्क सेवा प्रदान गरिने छ

**महिला**

१०५. व्यास नगरपालिकाका महिला जनप्रतिनिधिहरुको नेतृत्व र क्षमता विकास गर्नका लागि प्रशिक्षण, अवलोकन भ्रमण, अनुसन्धानात्मक गतिविधिहरु संचालन गर्ने र अनुभव आदान प्रदान गर्ने कार्यक्रम ल्याइने छ ।

१०६. नगरपालिका भित्रका महिला सहकारी, आमा समूह, विभिन्न जातिय समूहका महिलाहरु बीच क्षमता एवं सिप विकासका विभिन्न प्रशिक्षण एवं सहयोगका कार्यक्रमहरु ल्याइने छ ।

१०७. स्वास्थ्य संकटमा रहेका विपन्न महिलाहरुलाई आर्थिक सहयोग प्रदान गरी जीवन रक्षामा सहयोग पुर्‍याइने छ ।

**जनजाति**

१०८. व्यास नगरपालिका भित्र बसोबास गर्ने सबै जाती जनजातिहरुको मौलिक संस्कृतिलाई संरक्षण गरिने छ । कुसुण्डा, बोटे, चेपाङ, दरै, कुमाल, मगर, गुरुङ, नेवार, मुस्लिम, अन्य जातका साँस्कृतिक एवं जीवन उपयोगी सिपमूलक कार्यक्रमहरु संचालन गर्न सहयोग पुर्‍याइने छ ।

**अपाङ्गता**

१०९. व्यास नगरपालिका भित्र बसोबास गरेका सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी आवश्यक कार्यक्रमहरु लागू गरिने छ ।

११०. नगरपालिकाले पहिचान गरेका पूर्ण असक्त अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मानित तरिकाले जीवन निर्वाह गर्न आवश्यक पर्ने विशेष सेवाहरु, जनचेतना तथा सामाजिक सुरक्षाका कार्यक्रमहरु संचालन गरिने छ ।

१११. अपाङ्गता समावेशी शैक्षिक पद्धतिको प्रवर्द्धन गर्दै उनीहरुको सिप, दक्षता अभिबृद्धि, स्वआर्जन रोजगारीको अवस्थामा सुधार ल्याउन सम्बन्धित शिक्षालय, सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी उनीहरुलाई स्वावलम्बी जीवन बाच्नका लागि सहयोग गरिने छ ।

**सुशासन र दक्ष जनशक्ति**

११२. कर्मचारी समायोजन अन्तिम चरणमा रहेकाले व्यास नगरपालिकाले प्रदान गर्ने सेवा सुविधालाई प्रभावकारी बनाउन नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भे (O & M Survey) गरिने छ । नगरपालिकाले संचालन गरेका विभिन्न योजना आयोजना वा कियाकलापहरुको खर्च प्रत्येक ३/३ महिनामा सार्वजनिक गर्ने व्यवस्था गरिने छ । नगरपालिकामा कार्यरत जनशक्तिलाई विषयगत तालिम प्रदान गर्दै दक्ष बनाइने छ ।

११३. नगरपालिकाबाट प्रदान गरिने सेवाहरुको कार्यान्वयनका लागि समय सिमा सहितको नागरिक वडापत्रलाई समयानुकुल कार्यान्वयनमा ल्याइने छ ।

११४. नगरपालिकाले प्रदान गर्ने सेवा सुविधालाई गुणस्तरीय र प्रभावकारी बनाउन सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, निर्वाचित जनप्रतिनिधिहरुसँग सम्वाद कार्यक्रम संचालनमा ल्याइएको र सोलाई निरन्तरता दिइने छ ।

११५. नगरपालिकाको लेखा, राजश्व, योजना, जिन्सी, स्वास्थ्य लगायतका शाखामा आगामी आर्थिक वर्षदेखि पूर्णरुपमा सफ्टवयर जडान गरी प्रभावकारी र मितव्ययी सेवा सुविधा उपलब्ध गराइनेछ ।

**विविध**

११६. सबै धर्म र सम्प्रदायका व्यक्तिहरुले मृत्युपछि आ-आफ्नो धार्मिक आस्था अनुसार अपनाइने परम्परामा सहयोग पुर्‍याइने छ ।

११७. नगरपालिकाका जनप्रतिनिधिहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन अवलोकन भ्रमण गराई नगरपालिकाको विकास अभियानमा अनुभव आदान प्रदान गर्ने कार्यक्रम ल्याइने छ ।

११८. व्यास नगरपालिका भित्रका नदी खोलाको मापदण्ड कायम गरी नदी तथा खोला, मुहान संरक्षण र स्वच्छताको कार्यक्रमहरु ल्याइने छ ।

११९. व्यास नगरपालिका भित्र पार्किङको व्यवस्था गरिने छ । शहरी वडाहरुमा भएका नालाहरुबाट आएको पानीलाई सुद्धिकरण प्लान्ट स्थापना गर्नका लागि अध्ययन पुरा गरिने छ ।

१२०. व्यास मार्गको वैकल्पिक निकासका लागि बैरेनीबाट माथिल्लो भेतरी हुँदै मादी नदीको पुलबाट बजार प्रवेश गर्ने र बुद्धसिं मार्गलाई करंकाठ बसपार्कमा जोड्नका लागि बुल्दी खोलाको किनार किनारै निकास दिने कार्यमा नगरपालिकाले प्रदेश सरकारसँग समन्वय गरी अगाडि बढाउन पहल गरिने छ ।

१२१. व्यास नगरपालिका भित्रका शवदाह स्थलहरुलाई स्तरीकरण गर्दै विद्युतीय शवदाह गृह स्थापना गर्न जमिनको व्यवस्था गरिने छ ।

१२२. व्यास नगरपालिका र स्थानीय दाताहरुको सहयोगमा निर्माण कार्य सम्पन्न भई संचालन हुने अवस्थामा रहेका व्यास नगरपालिका वडा नं.३ स्थित कृयापुत्री भवनको व्यवस्थित संचालनको निर्देशिका तयार गरी लागु गरिने छ ।

१२३. लोकतन्त्र स्थापना र संबर्द्धन गर्ने अभियानमा सहादत प्राप्त गर्नुहुने शहिदहरु र ऐतिहासिक महत्वपूर्ण व्यक्तिहरुको सम्मानका लागि विभिन्न स्मारक, अध्ययन केन्द्र, मार्गहरु र अन्य विकास आयोजनाहरुको नामाकरण गरिने छ । यस क्रममा स्व. गोवर्धन शर्माको सम्मानमा व्यास नगरपालिका वडा नं.१० मा **गोवर्धन शर्मा प्राङ्गारिक जैविक विविधता अध्ययन तथा विस्तार केन्द्र** स्थापना गरिने छ । यस्ता कार्यहरुलाई आगामी वर्षहरुमा विस्तार गरिने छ ।

१२४. स्थानीय तहको निर्वाचन कै दिनमा हत्या गरिनु भएका व्यास नगरपालिका वडा नं.१ निवासी साहित्यिक एवं शैक्षिक व्यक्तित्व स्व. विक्रम परियारको सालिक निर्माण गर्ने कार्यक्रम अगाडि बढाइने छ । साथै छाब्दी दोभानमा निर्माणाधीन घाटलाई विक्रम घाट नामाकरण गरिने छ ।

**अध्यक्ष महोदय,**

१२५. यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट संघीय लोकतान्त्रिक गणतान्त्रात्मक शासन व्यवस्थाप्रति नगरवासीको विश्वास बढ्ने, उत्पादन र उत्पादकत्व बृद्धि हुने, उद्यमशीलताको विकास हुने, सामाजिक न्यायपरक सन्तुलित विकास र सामाजिक विभेदको अन्त हुने अपेक्षा गरेको छु । नगरपालिकाको सुन्दरता, नगरवासीको सुख र समृद्धि एवं लोकतन्त्रका आधारभूत मुल्य मान्यताको सम्बर्द्धन गर्नका लागि यो नीति तथा कार्यक्रमले सहयोग पुर्‍याउने छ भन्ने विश्वास लिएको छु ।

अन्तमा नगरपालिकाको विकास अभियानमा कुनैपनि आग्रह पूर्वाग्रहबाट माथि उठी संघ सरकार, प्रदेश सरकार र वर्तमान तथा पूर्व जनप्रतिनिधिहरु एवं विज्ञहरुको अनुभव, परामर्श र सल्लाहलाई सदुपयोग गर्न नगरपालिका प्रतिवद्ध रहेको विश्वास दिलाउन चाहन्छु । यो नीति तथा कार्यक्रमलाई आत्मसाथ गर्दै सफल बनाउने कार्यमा सम्पूर्ण नगर सभासद्‌ज्यूहरु मार्फत नगरवासीमा सहयोग पुर्‍याई दिनुहुन हार्दिक अनुरोध गर्दछु ।

जय नेपाल !

मिरा जोशी
उपप्रमुख
२०७६/३/१०